

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रनिंग पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ वैशाख १४ गते शुक्रबार ❑ 26 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरामा प्याराग्लाईडिङको सोलो (एकल) उडान संचालन गर्न माग

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख

खेलकुदको शहर पोखरामा प्याराग्लाईडिङको सोलो (एकल) उडान पुनः संचालन गर्न पर्यटन व्यवसायीहरुले माग गर्नु भएको छ। पर्यटनको राजधानी पोखरामा साहसिक खेलको हव भएको अबस्थामा विगत डेढ बर्ष देखि प्याराग्लाईडिङको सोलो उडान स्थगित हुनुले यस क्षेत्रमा खेल पर्यटनमा ठुलो असर परेकोले तत्काल संचालन गर्न यहाँका पर्यटन व्यवसायीहरुले माग गर्नु भएको हो।



पोखरा र यस क्षेत्रमा प्याराग्लाईडिङको विगत २० बर्ष अघि देखि सोलो उडानबाट सुरु भई यस खेलको प्रि वर्ल्ड कप र वर्ल्ड कप नै सम्पन्न भएकोले यसलाई विश्वका सोलो प्याराग्लाईडिङ गर्न चहाने खेलाडीहरुको लागि निश्चित मापदण्ड बनायर भए पनि खुल्ला गर्नु पर्ने नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष सुनिस भट्टराईले माग गर्नु भयो। विश्वकै उत्कृष्ट १० मध्य एकमा पर्ने पोखरामा सोलो प्याराग्लाईडिङ उडान रोक्नुले पोखरा क्षेत्रको पर्यटनसँगै नेपालको राजश्व संकलनमा समेत यसले प्रत्यक्ष रुपमा असर परेको उहाँको दाबी छ। पोखरामा पर्यटनको सिजन तथा अफ्सिजनमा समेत सोलो प्याराग्लाईडिङ उडानले पर्यटकलाई आकर्षण गर्दै आएको सन्दर्भमा विना अध्ययन र अनुसन्धान विना एउटा दुर्घटनाको बिषयलाई लियर बन्दै गर्नु उचित निर्णय नभएको अध्यक्ष भट्टराईको तर्क छ। विगत २ दशक देखि संचालन हुदै आएको खुल्ला नेपाल प्याराग्लाईडिङ प्रतियोगिता समेत सोलो उडान स्थगित हुँदा यसले गर्दा हुन नसकेको नाले जनाएको छ। २०७९ असोज ३० गते नवौं संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत प्याराग्लाइडिङ 'क्रसकन्ट्री' तर्फको विधामा प्रतिस्पर्धा गर्ने क्रममा दुर्घटना परी त्रिभुवन आर्मी क्लबका खेलाडी निसिम थापाको मृत्यु भएसँगै स्थगित भएको उक्त सोलो उडान हालसम्म संचालन हुन नसक्दा यसबाट धेरै असर परेको व्यवसायीहरुले गुनासो गर्नु भएको हो। २०७९ असोज ३० गते नेपाल नागरिक उड्डयन प्राधिकरण( क्यान) ले स्थगित गरेको सोलो उडान हालसम्म संचालनको अनुमति नदिदा पोखरामा दैनिक सयौं पर्यटकले गर्दै आएको सोलो उडान हाल स्थगित हुनुले यस क्षेत्रको सहासिक खेल पर्यटनमा समेत ठुलो असर परेको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो। पोखरा पर्यटनको राजधानि घोषणा भएसँगै पोखरा सहासिक खेलकुदको समेत राजधानीको रुपमा रहेको यस क्षेत्रमा विगत दुई दशक देखि संचालन हुदै आएको यस खेललाई तत्काल संचालन गर्न उहाँले माग गर्नु भयो। पोखराको निश्चित स्थानमा निश्चित समयमा उडान गर्न दिनुपर्छ भन्ने माग सहित आफुहरुले क्यान देखि प्रधानमन्त्री समक्ष सोलो उडानलाई पुनः सुचारु गर्न माग गर्दा हालसम्म माग सुनुवाई नभएको उहाँले गुनासो गर्नु भयो। प्याराग्लाईडिङ दुर्घटनामा परी खेलाडीको मृत्यु भए पश्चात प्राधिकरणको बैठकले देशैभरि प्याराग्लाइडिङ उडान केही समय बन्द गराएको थियो। टेण्डम (यात्रु सहित वा व्यवसायीक) उडानको लागि भने क्यानले केही समय पछि खुल्ला गरेको थियो।पोखरामाहालव्यवसायीक( टेण्डम) प्याराग्लाईडिङ संचालन हुदै आएको छ।

## शिशुवा-खुदीखोला सडक शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख

विश्व बैंकको सहयोगमा बन्न लागेको शिशुवा-सिसाघाट सडकअन्तर्गत शिशुवाबाट खुदीखोलासम्मको सडक निर्माण गरिने भएको छ। पोखरा महानगरपालिका-३० को शिशुवा चोकबाट पूर्वदक्षिण खुदीखोला पुलसम्मको चार दशमलव १४ किलोमिटर सडक निर्माणका लागि यही बैशाख २ गते निर्माण सम्झौता गरिएको थियो।



सो सडक निर्माणको एक कार्यक्रमका बीच बिहीबार पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले शिलान्यास गर्नुभयो। सो अवसरमा प्रमुख आचार्यले सडक निर्माणमा गुणस्तरीयतामा ख्याल गर्न आग्रह गर्दै सडकखण्डमा पर्ने निजी संरचना हटाएर सहयोग गर्न स्थानीयवासीलाई आग्रह गर्नुभयो। सडक निमार्णमा स्रोतको कुनै कमी नहुने विश्वास व्यक्त गर्दै उहाँले सडक निर्माणपछि यस क्षेत्रको समृद्धिसँगै दिगो पर्यटनको विकासमा महत्वपूर्ण योगदान पुग्ने धारणा राख्नुभयो। उहाँले महानगर क्षेत्रमा रु २८ अर्ब बराबर अनुदानका विभिन्न विकास योजना अघि बढेको जानकारी दिनुभयो। विकासका काममा सबैले आ-आफ्नातर्फबाट साथ र सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। पोखरा महानगरपालिका इन्जिनियर नेत्रप्रसाद तिमल्सेनाले विश्व बैंकको आर्थिक सहयोगमा निर्माण हुने सडकको कुल लागत रु ३४ करोड ११ लाख २० हजार दुई सय ९८ रहेको जानकारी गराउनुभयो। निर्माण कम्पनी आशिष निर्माण सेवा प्रालिका प्रतिनिधि ई रोशन गिरीले परामर्शदाताको निर्देशनअनुसार स्थानीयको सहयोगमा निर्धारित १४ महिनामा काम सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा पोखरा महानगरपालिका-३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदी, वडासदस्य उमा परियार, वडा नं २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङ, महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापा, ई जगन्नाथ कोइरालालगायतले समयमै सडक निर्माण सम्पन्न गर्न सम्बद्ध सबैको साथ र सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो।

## पूर्वसभासद आलमसहित चार जनालाई जन्मकैदको फैसला

रासस
काठमाडौं, १३ बैशाख

जिल्ला अदालत रौतहटले पूर्वसांसद मोहम्मद आफताव आलमसहित चार जनालाई जन्मकैद सजाय फैसला गरेको छ। जिल्ला अदालतका न्यायाधीश मातृकाप्रसाद आचार्यको एकल इजलासले बिहीबार अफतावसहित निजका भाई महताव, बद्री सहनी र शेख सेराजलाई जन्मकैदको फैसला गरेको हो। उहाँहरुलाई रौतहटको राजपुरफरदवा गाउँमा १७ वर्षअघि भएको बम विस्फोटनसम्बन्धी घटनामा संलग्न भएको आरोपमा जन्मकैद सजाय फैसला भएको हो।

सोही घटनामा संलग्न भनिएका मुक्ति साहलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विद्युतीय सवारीसाधनमा आकर्षण

पोखरापत्र संवाददाता
पोखरा, १३ बैशाख

प्रदेश राजधानी पोखरासहित गण्डकीका सहरी क्षेत्रमा विद्युतीय सवारीसाधनको प्रयोग बढ्दो छ। यातायात व्यवसायीले सार्वजनिक सेवाका लागि पनि विद्युतीय सवारीसाधन भित्र्याउन थालेका छन्। प्रदुषणमुक्त र सञ्चालन खर्च कम आउने हुँदा विद्युतीय सवारी साधनप्रति आकर्षण बढेको हो।

एक महिनाअघि पोखरा-बागलुङ विद्युतीय भ्यान सञ्चालन ल्याएको धवलागिरि गण्डकी यातायात सेवा प्रालिले आउँदो सातादेखि सेवा बिस्तार गर्ने योजनामा छ। "एउटा भ्यान थपेर सेवा बढाउँदैछौं, पोखरा-बागलुङ दिनमा छपटक भ्यान छुट्छ", प्रालिका अध्यक्ष उमेश केसीले भन्नुभयो, "सुविधायुक्त र वातावरणमैत्री भएकाले यात्रु पनि आकर्षित छन्।" चौध सिट भएको उक्त भ्यानमा सिसिटिभी, वाइफाइ र मोबाइल भुक्तानीको समेत व्यवस्था रहेको छ। भ्यानमा पोखरा-बागलुङको भाडादर प्रतियात्रु रु चार सय ५० तोकिएको छ। प्रालिले निकट भविष्यमा बागलुङबाट नारायणगढ र काठमाडौंमा उक्त सेवा बिस्तार गर्ने योजना बनाएको अध्यक्ष केसीले बताउनुभयो। बिजुलीको नियमित उपलब्धता, चार्जिङ स्टेशन, पाटपुर्जाआदिका दृष्टिबाट भने विद्युतीय सवारीसाधन सञ्चालनमा केही अन्योलता देखिएको उहाँको भनाइ छ। "सरकारले विद्युतीय सवारीसाधनको आयातदेखि चार्जिङ स्टेसन बिस्तार, बाह्रैमास विद्युत् सेवाको सुनिश्चितताजस्ता विषयमा ध्यान दिनुपर्छ", अध्यक्ष केसीले भन्नुभयो। यातायात व्यवस्था कार्यालय सवारी कास्कीका प्रमुख डिल्लीराम रिजालले उक्त कार्यालयमा ५० भन्दाबढी विद्युतीय भ्यान दर्ता भएको जानकारी दिनुभयो। पोखरामा आठ वटा विद्युतीय ट्याक्सी र स्कुटर एक सयभन्दा बढी दर्ता भई सञ्चालन भइरहेको उहाँको भनाइ छ। "निजी विद्युतीय कारको सङ्ख्या पनि उल्लेख्य मात्रामा बढ्दो छ", प्रमुख रिजालले भन्नुभयो, "पोखरामा विद्युतीय सवारीसाधन भित्रिने क्रम बढ्दो छ।"

उहाँले डिजेल-पेट्रोलबाट चल्ने सवारीसाधनको तुलनामा विद्युतीय सवारीसाधनको सञ्चालन खर्च कम आउने बताउनुभयो। "प्रदुषणमुक्त हुने र सेवासुविधाका कारणले पनि विद्युतीय सवारीसाधनप्रति व्यवसायी र यात्रुको आकर्षण बढेको देखिन्छ", प्रमुख रिजालले भन्नुभयो, "सुरुमा यसप्रति खासै रुचि देखिएको देखिएन, अहिले विद्युतीय सवारीसाधनको किनबेच र दर्ता ह्वात्तै बढेको छ।"

प्रदेशको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका प्रशासन तथा यातायात व्यवस्थापन महाशाखा प्रमुख टीकाराम पौडेलले मझौला र साना विद्युतीय सवारीसाधन प्रयोगमा आइरहेको बताउनुभयो। "गण्डकी प्रदेशमा ठूला विद्युतीय बस सञ्चालनमा आइसकेका छैनन्, कार, भ्यान र स्कुटरको सङ्ख्या बढ्दो छ", उहाँले भन्नुभयो, "कास्की, बागलुङ, तनहुँ र नवलपुरमा रहेका यातायात कार्यालयमा विद्युतीय सवारीसाधन दर्ता गर्न सकिन्छ।"

पोखरामा ११, १४ र १५ सिट क्षमताका भ्यान सञ्चालनमा छन्। चार्जिङ स्टेशन भएका ठाउँमा मात्र सवारीसाधनको दर्ता र सञ्चालनमा अनुमति दिने गरिएको महाशाखा प्रमुख पौडेलले बताउनुभयो। विद्युतीय सवारीसाधनका लागि नेपाल विद्युत् प्राधिकरणले पोखरामा दुई वटा चार्जिङ स्टेशन स्थापना गरेको उहाँको भनाइ छ। बागलुङमा न्यून क्षमताको चार्जिङ स्टेशन राखिएको छ। मुख्य राजमार्ग र सहरी क्षेत्रमा थप चार्जिङ स्टेशन राख्न पहल भइरहेको मन्त्रालयले जनाएको छ।

## नक्कली भुटानी प्रकरण : रायमाझीसहित सात जनालाई थुनामै राख्न सर्वोच्चको आदेश

रासस
काठमाडौं, १३ बैशाख

सर्वोच्च अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा नेकपा (एमाले) का नेता टोपबहादुर रायमाझी र सचिव टेकनारायण पाण्डेसहित सात जनालाई थुनामुक्त गर्न अस्वीकार गरेको छ।

न्यायाधीशद्वय कुमार रेग्मी र टेकप्रसाद ढुङ्गानाको इजलासले बिहीबार तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार डा इन्द्रजित राई, भुटानी शरणार्थी प्रकरणका मुख्य आरोपी केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई र सन्देश शर्मालाई थुनामुक्त गर्न अस्वीकार गरेको हो। सर्वोच्च अदालतले यससम्बन्धी मुद्दामा यसअघि उच्च अदालत पाटनले दिएको आदेश सदर गरेको छ।

"प्रतिवादीहरू उपर किटानी जाहेरी रहेको, निजहरूले एकअर्कालाई पोल गरी गरेको बयानको बेहोरा, पीडितहरूको घटनाविवरण कागजसमेतका तत्काल प्राप्त मिसिल प्रमाणका आधारमा निजहरूलाई मुद्दा पूर्पक्षका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०६४ को दफा ६७ बमोजिम थुनामा राख्ने गरी उच्च अदालत पाटनबाट २०८० मङ्सिर १५ गते भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहन परेन", आदेशमा भनिएको छ। जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनले यसअघि पूर्पक्षका लागि थुनामा पठाउन दिएको आदेशविरुद्ध रायमाझीलगायतले सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए। पुनरावेदनमाथिको सुनुवाइपछि सर्वोच्चले उच्च अदालतकै आदेश सदर गरेको हो। सर्वोच्च अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जीवन ज्योति सेवा केन्द्रको उद्घोषण तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख

मानवीय सेवा र उद्धारमा समर्पित जीवन ज्योति सेवा केन्द्रले अतिरिक्त कृयाकलाप अन्तर्गत व्यक्तित्व तथा नेतृत्व शिप विकासका लागि दुइ दिने उद्घोषण तालिम मंगलबार सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाटले व्यानरमा हस्ताक्षर गरी उद्घाटन गरेका थिए। कार्यक्रमको सफलताको कामना गर्दै कुनै पनि तालिमले व्यक्तिको क्षमता अभिवृद्धि हुने भएकोले



समय मिले सम्म तालिम लिइरहनु पर्ने बताए। त्यसै गरी सुचनाको हकको लागि नागरिक अभियान पोखरा महानगरपालिकाका अध्यक्ष अनिल थापा, दर्शन फाउण्डेसनका अध्यक्ष प्रितम सेन लगायतले औपचारिक तथा अनौपचारिक कार्यक्रममा वोल्ने कलाको महत्वपूर्ण भूमिका रहने वताउँदै उद्घोषण तालिमको महत्वको बारेमा बोलेका थिए।

प्रशिक्षणको सहजकिरण कास्की खबर डट कमका समाचार प्रमुख सागर कार्की गरेका थिए भने तालिममा तनहुँ, स्याङ्जा, म्याग्दी र कास्की जिल्लाका ५० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो। केन्द्रकी अध्यक्ष सृजना देवी रिजाल कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत केन्द्रिय उपाध्यक्ष इन्द्रा कुमारी पुनले र संचालन सचिव तिलुमाया थापा खवासले गरेका थिए।

# पोखरा महानगरस्तरिय अन्तर विद्यालय टी-ट्वान्टी छात्रा क्रिकेट शनिबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना तथा पोखरा महानगर क्रिकेट संघको संयोजनमा यहि बैशाख १५ देखि २१ गते सम्म पोखरा रंगशालामा पोखरा महानगरस्तरिय अन्तर विद्यालय छात्रा क्रिकेट प्रतियोगिता सञ्चालन हुने भएको छ।

आयोजक समितिले बिहीबार पोखरामा पत्रकार सम्मेलन गरि सो जानकारी गराएको हो। महिला क्रिकेटलाई प्राथमिकतामा राख्दै ग्रास रुटबाट क्रिकेट विकास गर्न तथा विद्यालयबाट पनि होनहार प्रतिभाको खोजी गर्दै सन् २०२७ को टि ट्वान्टी यु-१९ विश्वकप क्रिकेट प्रतियोगितामा पोखराबाट खेलाडी उत्पादन गर्दै पोखरालाई क्रिकेटका माध्यमबाट पनि परिचित गराउने उद्धेश्यका साथ यो प्रतियोगिता आयोजना गर्न लागिएको समितिका अध्यक्ष दिपबहादुर गोदारले पत्रकार सम्मेलनमा बताए। प्रतियोगितामा पोखराका विभिन्न ९ विद्यालयलाई सहभागिता गराइने प्रतियोगिताको





संयोजनकर्ता पोखरा महानगर क्रिकेट समितिका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए। सहभागि टिमलाई ३ समुहमा विभाजन गरि लिगकम नकआउटका आधारमा खेलाइने उनले बताए। प्रतियोगितामा सहभागि विद्यालयले कम्तिमा पनि दुई खेल खेल्न पाउने छन्। लिग चरणमा शिर्षस्थान हाँसिल गर्ने हरेक समुहबाट एक विद्यालय सेमिफाइनल प्रवेश गर्नेछ। शिर्ष तीन मध्ये उच्च रनरेट प्राप्त टिम सिधै फाइनलमा पुग्नेछ।

प्रतियोगिताका विजेता तथा उपविजेता टिमले ट्रफि मेडल प्रमाणपत्र पुरस्कार पाउनेछन्। त्यसैगरि हरेक खेलमा उमन अफ द म्याच, उमन अफ द सिरिज, बेष्ट व्याट्सउमन, बेष्ट बलर लगायतलाई छुट्टाछुट्टै पुरस्कार प्रदान गरिने पनि पत्रकार सम्मेलनमा जानकारी दिइयो।

सो अवसरमा कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल, प्रतियोगिताको मुख्य प्रायोजक कंकारु एजुकेशन फाउण्डेशनका निर्देशक टिआर काफ्ले लगायतले प्रतियोगिताको सफलताका लागि शुभकामना व्यक्त गरेका थिए। प्रतियोगिता संयोजक गोविन्द प्रधानले कार्यक्रम सञ्चानल गरेका थिए।

# पोखरा स्पोर्ट्स अवार्डलाई केसी ग्रुपको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख

आठौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०८०' लाई केसी ग्रुपले सघाउने भएको छ। सहयोग सम्बन्धमा मञ्चका अध्यक्ष दीननाथ बराल र गुप्रका निर्देशक किरण केसीबीच सम्झौता भएको हो।

सम्झौता अनुसार अवार्ड कार्यक्रममा केसी ग्रुपले ५० हजार रुपैयाँ सहयोग गर्ने मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए। निर्देशक केसीसँग मञ्चका अध्यक्ष बराल, नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, मञ्चका महासचिव राजाराम पौडेल, सचिव शशीकुमार पौडेल र सदस्य रोहितराज पराजुलीले भेट



गरेका थिए। अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड दिने प्रदान गरिने मञ्चका महासचिव तथा प्रचार प्रसार उपसमितिका संयोजक पौडेलले जनाए। अवार्ड कार्यक्रम बैशाख २८ गते शुक्रबार पोखरा सभागृह हलमा आयोजना हुँदैछ।

अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने पोखरा महानगरपालिका र राष्ट्रिय खेलकुद परिषदले समेत अवार्ड कार्यक्रममा सघाउनेछ। प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिर्सोट एण्ड स्पा रहेको छ।

यसका अलावा टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटरको आधिकारिक विक्रेता योमामा ई मोर्टस् प्रा.लि., साहस स्पोर्ट्स, गण्डकी प्रज्ञा-प्रतिष्ठान, मादी गाउँपालिका, रुपा गाउँपालिका, गुरुङ हर्वल व्युटी पार्लर लगायत रहेका छन्। थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ। अवार्ड कार्यक्रम भव्य बनाउन मुल आयोजक समिति र तेह्र वटा विभिन्न उपसमिति गठन गरेर तयारीमा तिव्रता दिइएको छ।

# गण्डकी प्रदेश स्क्वास र्‍याकेट संघको अध्यक्ष रञ्जित सर्वसम्मत

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख

गण्डकी प्रदेश स्क्वास तथा र्‍याकेट संघको अध्यक्षमा अशोक रञ्जित सर्वसम्मत चयन भएका छन्।

संघको पोखरामा बिहबार सम्पन्न प्रथम अधिवेशनले उनलाई आगामी ४ वर्षका लागि अध्यक्षमा सर्वसम्मन निर्वाचित गरेको हो। यसै गरी संघको उपाध्यक्षमा प्रकाश केसी, महासचिवमा कमल बहादुर बस्नेत, सचिवमा प्रेम शर्मा र कोषाध्यक्षमा रक्से लामा निर्वाचित भएको निर्वाचित समितिका संयोजक पुष्पराज श्रेष्ठले जानकारी दिए। यसै गरी कार्यसमितिको सदस्यमा यूवराज कुंवर, आभान श्रेष्ठ, रामप्रसाद पौडेल, सृष्टिका उदास र रुक गुरुङ सर्वसम्मत निर्वाचित भए। यस अघि प्रथम अधिवेशनको उद्धाटन गर्दै प्रदेश खेलकुद



परिषदका सदस्य केशव पाठकले खेल संघहरुलाई शुसासनतर्फ अघि बढाउन परिषद प्रयासरत रहेको जनाउँदै अवको आफ्नो अभियान दशौं राष्ट्रिय खेलकुद प्रतियोगितातर्फ लक्षित रहेको जनाए। यूवा खेलाडी उत्पादन गर्न परिषद खेल संघहरु संग सहकार्य गर्न तयार रहेको जनाउँदै संघहरुले आफ्ना वार्षिक कार्यक्रम तथा योजनाहरु समेत अघि सार्न आग्रह गरे।

कार्यक्रममा जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय प्रमुख सुन बहादुर लामा, स्क्वास र्‍याकेट संघका केन्द्रिय सदस्य सन्तोष घिमिरेलगायतले आफा्ना भनाई राखेका थिए।

सो अवसरमा नवनिर्वाचित अध्यक्ष रञ्जितले आफ्नो कार्यकालमा स्क्वास खेलको विकासका लागि सबै संग सहकार्य गर्दै वार्षिक रुपमा विभिन्न प्रतियोगिताहरुको आयोजना एवं खेलाडी उत्पादनमा आफ्नो ध्यान केन्द्रित रहने प्रतिवद्धता जनाए। कार्यक्रममा संस्थाका महासचिव बस्नेतले सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए।

# शुक्रबारदेखि १२ को परीक्षा : तीन लाख ९० हजार आठ ४७ परीक्षार्थी सहभागी

**रासस**
काठमाडौं, १३ बैशाख

कक्षा १२ परीक्षा शुक्रबारदेखि देशभर एकैसाथ सुरुहुँदै छ। बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुने परीक्षा वैशाख २६ गते सम्पन्न हुनेछ। परीक्षाको सम्पूर्ण तयारी पूरा भएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले राससलाई जानकारी दिनुभयो।

उहाँले सबै विद्यार्थीहरुलाई निर्धक्क भएर परीक्षामा सहभागी हुन आग्रह गर्नुभयो। उहाँ अनुसार यसवर्ष परीक्षामा नियमिततर्फ एक लाख ९६ हजार नौ सय १४ छात्रा र एक लाख ९३ हजार नौ सय ३३ जना छात्र गरी तीन लाख ९० हजार आठ सय४७ परीक्षार्थीहरु सहभागी हुने भएका छन्। त्यस्तै ग्रेड वृद्धितर्फ एक लाख छ सय ५० विद्यार्थी सहभागी हुने भएका छन्। देशभरका पाँच हजार पाँच सय ४२ विद्यालयका विद्यार्थी कक्षा १२ को परीक्षामा सहभागी हुनेछन्। परीक्षाका लागि बोर्डले देशभर एक हजार पाँच सय २५ परीक्षा र देशबाहिर जापानमा एक गरि कूल एक हजार पाँच सय २६ परीक्षा केन्द्रमा निर्धारण गरेको उहाँले जानकारी दिनुभयो। सबैभन्दा बढी काठमाडौँमा एक सय ४४ र मनाङ/मुस्ताङमा एक/एक वटा परीक्षा केन्द्र निर्धारण गरेको छ। पहिलो पटक बोर्डले यसवर्ष स्वचालित (स्यान्डम) प्रक्रियाबाट काडमाडौँका परीक्षा केन्द्र निर्धारण गरेको हो। परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी, कार्यालय सहयोगी गरी ३४ हजार एक सय ७१ जनशक्ति र १८ हजार तीन सय प्रहरी परिचालन हुने भएका छन्। परीक्षामा लागि आवश्यक पर्ने उत्तरपुस्तिकालगायतका सामग्री परीक्षा केन्द्रहरुमा पुऱ्याउने कार्य सम्पन्न गरिसकेको छ भने यसवर्ष पनि प्रश्नपत्र अनलाइनबाट पठाइने भएको छ। इमेलबाट प्रश्नपत्र पठाउँदा 'टाइम पासवर्ड' को व्यवस्था गरेको छ।

## नक्कली ...

नेपाली काङ्ग्रेसका नेता आङटावा शेर्पालाई भने रु ३० लाख नगद वा सो बराबारको जेथा जमानता वा बैंक जमानत गरी धरौटीमा छाड्न आदेश दिएको छ।

त्यस्तै, अदालतले नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी धन्दामा आरोपितमध्ये जिल्ला अदालतमा भएको थुनछेक बहसमा इन्कारी बयान दिएका जिमा शेर्पेनी, तेन्जी पुटी शेर्पेनी, पेम्वा शेर्पा, जिमा शेर्पा, लमडोपा शेर्पा र सोनी शेर्पालाई पुपर्क्षका लागि थुनामा राख्ने उच्च अदालत पाटनको आदेश बदर गरेको छ।

आदेशमा जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनले पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरिएका गोविन्दकुमार चौधरीलाई रु १० लाख धरौटीमा छाड्न आदेश दिएको छ। चौधरीकी पत्नी निजु चौधरीले मोरङको कसेनीको जग्गा नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य अभियुक्त केशवप्रसाद दुलालले भनेका व्यक्तिको नाममा पास गरेको पाइएकाले पुर्पक्षका लागि थुनामा राख्ने उच्च अदालतको आदेश बदर गर्दै रु १० लाख नगद वा त्यस बराबरको जेथा जमानत वा बैंक जमानतमा छाड्न आदेश दिएको हो। सर्वोच्च अदालतले यसअघि उच्च अदालत पाटनले रु १० लाख धरौटीमा छाड्न आदेश दिएका केन्द्रीय हज समितिका तत्कालीन अध्यक्ष शमशेर मियाँलाई पनि साधारण तारेखमा छाड्न आदेश दिएको छ। पीडितहरूले मियाँलाई रकम दिएको भनेर नाम उल्लेख नगरेको, उनले इन्कारी बयान दिएको र कसैले पनि मियाँको नाम पोल नगरेकाले रु १० लाख धरौटी लिने उच्च अदालतको आदेश बदर हुने ठहर गरेको सर्वोच्च अदालतले जनाएको छ।

## पूर्वसभासद ...

भने सफाइ दिएको र फरार रहेका अन्य छ जनाको मुद्दा मुल्तबीमा राखिएको अदालतका श्रेष्तेदार उद्धव ढोडारीले जानकारी दिनुभयो। गत सोमबारदेखि जारी बहसमा आजसम्म बादी पक्षबाट तीन जना सरकारी वकिल र प्रतिवादीका तर्फबाट नौ जना गरी १२ जनाले बहस गरेका थिए।


बम विस्फोटको घटनामा संलग्न भएको आरोपमा विसं २०७६ कात्तिक १८ गते पूर्व सांसद आलमसहित ११ जनाविरूद्ध विस्फोटक पदार्थ बम प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यानसम्बन्धी कसुरमा मुद्दा दायर गरिएको थियो। विसं २०६४ को संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा रौतहटको राजपुरफरदवामा भएको बम विस्फोट भएको थियो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दु:खी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# पूर्वमन्त्री आलमलाई जन्मकैद

राज्यसत्ताको आडमा घाइतेलाई ज्युँदै जलाएको अभियोग लागेका पूर्व मन्त्री एवं नेपाली कांग्रेसका नेता मोहम्मद अफताब आलमलाई जिल्ला अदालतले जन्मकैदको सजाय सुनाएको छ । जिल्ला अदालत, रौतहटका न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले बिहीबार आलमलाई जन्मकैदको सजाय सुनाएको हो। २०६४ चैत २७ गते भएको विस्फोटको घटनामा घाइतेलाई इटाभट्टामा ज्यूँदै जलाएको अभियोग लागेको थियो ।

यसमा दोषी ठहर भएका आलमसँगै चार जनालाई जन्मकैदको सजाय भएको छ । रौतहट जिल्ला अदालतका श्रेस्तेदार उद्धव ढोडारीका अनुसार महताब आलम, शेष सेराज भन्ने शेष सराज र बद्री सहनीलाई जन्मकैदको सजाय तोकिएको हो। महताब पूर्व मन्त्री आलमका भाइ हुन् । यो मुद्दामा मुक्ति साहले सफाइ पाएका छन्। त्यस्तै, मोहम्मद मोविन, शेष फजल, शेष भदै, सागिर आलम, गौरीशंकर साह र शेष मालाकारको हकमा मुद्दा मुल्तबीमा राखिएको छ। उनीहरु फरार रहेका छन् ।

२०६४ सालको संविधानसभा चुनावको अघिल्लो साँझ रौतहटको राजापुरस्थित फरहदवामा बम बनाउँदा बनाउँदै विस्फोट भएको थियो । आलमको गोठमा भएको विस्फोटमा घाइते भएका ओसी अख्तर र त्रिलोकप्रताप सिंहलाई आलमकै इँटाभट्टामा हालेर मारिएको अभियोग छ । अन्य भारतीय नागरिक समेत मारिएको बताइए पनि अख्तर र सिंहको परिवारले मात्रै जाहेरी दिएका थिए । आलमका अंगरक्षक शेख सारजले सल्काएको चुरोट खसेर आगो सल्किँदा यो घटना भएको प्रहरी अनुसन्धानमा खुलेको थियो। भोलिपल्ट हुने चुनावमा ती बम पड्काएर बूथ कब्जा गर्ने आलमको योजना रहेको प्रहरीको भनाइ थियो ।

यस घटनामा प्रहरीले त्यति वेला जाहेरी नै लिन मानेको थिएन। जिल्लास्थित नेपाल बार एशोसिएशनको सहयोगमा हुलाकबाट सरकारी वकीलको कार्यालय मार्फत बल्लतल्ल जाहेरी दर्ता भएको थियो। जाहेरी दर्ता भएपछि २०६५ असारमा आलमलाई पक्राउ गर्न अदालतले अनुमति दिएको थियो। राज्य सत्ताको आड पाएका आफ्ताव आलम विरुद्ध सरकारी वकीलको कार्यालयले मुद्दा नचल्ने निर्णय गरिदियो।सत्तामा रहनेहरुले आलमको जघन्य अपराधको बारेमा अनुसन्धान गरेको भए लामो समय पर्खनु पर्ने थिएन ।

यस निर्णय विरुद्ध मृतकका परिवार महान्यायाधिवक्ताको कार्यालयलाई गुहार्न पुगेका थिए। तर महान्यायाधिवक्ताको कार्यालयले जिल्लाकै निर्णय सदर गरिदिएको थियो । त्यसपछि भने उनीहरू सर्वोच्च अदालत पुगेका थिए। पनि पनि २०६९ सालमा सर्वोच्च अदालतले महान्यायाधिवक्ताको कार्यालयको निर्णय खारेज गरेर थप अनुसन्धान गर्ने बाटो खोलिदियो। तर ६ वर्षसम्म रौतहट पनस पनि पाप र धेै प्रहरीले यो मामिलातिर फर्केर हेरेन ।

२०७६ असोजमा भने प्रहरीले आलमलाई राजापुर क्षेत्रबाट पक्राउ गरेको थियो, जति वेला रौतहट प्रहरी प्रमुख थिए, भूपेन्द्रबहादुर खत्री। खत्री हाल प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) छन् । आलम पक्राउपछि उनका समर्थकले जिल्ला प्रहरी कार्यालय अगाडि दैनिक प्रदर्शन गरेका थिए। प्रहरीलाई तथानाम आरोप लगाउँदै धम्क्याउने काम गरेका थिए ।अदालतले अनुसन्धान गर्न दिएको आदेश पनि कार्यान्वयन नहुने अवस्था आउनु राम्रो होइन । बलियो सरकार भएको बेला मात्र पक्रिया अघि बढ्न सकेको हो ।

अनुसन्धानपछि २०७६ कात्तिक १८ गते विस्फोटक पदार्थ बम समेतको प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान सम्बन्धी कसूरमा अदालतमा मुद्दा दायर भएको थिया । आलमलाई थुनामा पठाउने आदेश दिएपछि न्यायाधीश बिदा लिएर काठमाडौं आएका थिए । निर्भयताका साथ काम गर्ने वातावरण बनाउन सके अदालतले पनि कार्वाही गर्ग बाध्य हुनेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाब |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्वतका ७० वनमा डढेलो

**रासस**

पर्वत, १३ बैशाख

यहाँका विभिन्न वन-जङ्गलमा डढेलो लाग्ने क्रम रोकिएको छैन । गत चैत दोस्रो सातादेखि सुरु भएको डढेलोले हालसम्म एक हजार चार सय हेक्टर वन-जङ्गल सखाप पारेको छ।

डिभिजन वन कार्यालयका सहायक वन अधिकृत रामबहादुर विकले दिएको जानकारीअनुसार हालसम्म एक हजार चार सय १६ दशमलव छ हेक्टर वन-जङ्गल डढेलोले सखाप परेको छ। पर्वतमा गत चैत २२ गते जलजला गाउँपालिका-१ को देउराली सामुदायिक वन र जलजला वडा नं ५ को सिमल्टेचौर सामुदायिक वनबाट आगो लाग्न सुरु भएको हो । बुधबारसम्म ७० सामुदायिक तथा राष्ट्रिय वनमा आगो लागेको विकले जानकारी दिनुभयो।

हरेक वर्ष सामान्यतयाः फागुनदेखि जेठसम्मको समयलाई वन डढेलोको याम भनेर चिनिन्छ। प्रायः यो समयावधिमा वन डढेलोको प्रकोप देशभर अत्यधिक बढ्ने गरेको छ । यसरी हरेक वर्ष लाग्ने डढेलोले वन प्राकृतिक र मानवीय धनजनको ठूलो क्षति गर्दै आएको छ। डढेलोले जङ्गलमात्र नभएर मानव बस्तीलाई समेत जोखिममा पार्दै आएको छ। जिल्लामा वन्यजन्तु तथा मानवीय क्षति नभएको जिल्ला वन कार्यालयको तथ्याङ्क छ। जिल्लामा गत चैतमा खासै डढेलोका घटना नभए पनि वैशाख लागेसँगै यहाँ रहेका सामुदायिक तथा राष्ट्रिय वनमा डढेलो लागेको सहायक वन अधिकृत विकले बताउनुभयो । गत वर्षको तुलनामा यस वर्ष वनमा धेरै मात्रामा डढेलो लागेको छ। आगलागी भएका वनमा सामुदायिक नै धेरै छन्। विकले भन्नुभयो, 'जनचेतना र प्रचार-प्रसारको कमी हुँदा वनमा धेरै आगलागी भएको छ, यसको नियन्त्रणका लागि कार्यालय सक्रियताका साथ लागेको छ।" डढेलोबाट हुने जनधन र वनको क्षति न्यूनीकरण गर्न सञ्चारमाध्यममा प्रचार-प्रसारका सामग्री प्रसारण तथा प्रकाशित गरिएको छ। जिल्लाका तीन सुरक्षा निकायलाई एक-एक अग्नि सेट उपलब्ध गराउनुका साथै सामुदायिक वन उपभोक्ता समितिमार्फत सचेतना गोष्ठी र अग्नि नियन्त्रण डेमो प्रदर्शन गरिएको उहाँको भनाइ छ । वनमा डढेलो लाग्न नदिन सबै नागरिकलाई सचेत हुन डिभिजन वन कार्यालयले अनुरोध गरेको छ । जिल्लामा वन डढेलो प्राकृतिक कारणले मात्र नभएर मानवीय कारण धेरै हुने गरेको छ। वन पैदावार सङ्कलन, वन अतिक्रमण, चोरी सिकारीलगायत खेती किसानीका लागि प्रयोग गरिने आगो पनि डढेलो लाग्नुका मुख्य कारण बनेको छ । मुलुकी ऐनमा आगो लगाउनेको महलले आगो लगाउने कार्यलाई फौजदारी अभियोग मानेको छ। वन ऐन, २०४९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को 'वनमा आगो लगाउन वा आगो लाग्न सक्ने क्रियाकलापहरूलाई अपराधको रूपमा लिएर कैद सजाय र दण्ड जरिवाना गर्ने व्यवस्था गरे पनि त्यो कागजमै सीमित छ । जिल्लामा कुल भूमि ५४ हजार दुई सय १० हेक्टरमध्ये वन क्षेत्र २७ हजार छ सय ४० हेक्टर (५१ प्रतिशत)मा फैलिएको छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ को रामचोक सानोपाटन बाटो तथा डिलवारी नाला निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : रामचोक सानोपाटन बाटो तथा डिलवारी नाला निर्माण

**उपभोक्ता समिति**: रामचोक सानोपाटन बाटो तथा डिलवारी नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की

**योजना सम्झौता मिति**: २०८०/०९/०२ गते

**योजना सुरु मिति**: २०८०/०९/०३ गते

**योजना सम्पन्न हुने मिति** : २०८१/०१/२५ गते

**उपभोक्ता समिति संख्या** - ९ जना,

**महिला संख्या** - ४ जना

**महानगरपालिकाबाट** : रु. ५०,००,०००/-

**उपभोक्ताबाट** : रु. ८,८२,३५२/-

**जम्मा लागत** : रु. ५८,८२,३५२/-

**हिक्मत बहादुर थापा**

अध्यक्ष

**रामचोक सानोपाटन बाटो तथा डिलवारी नाला निर्माण**

**उपभोक्ता समिति, पोखरा-२५, कास्की**

## शिक्षक आवश्यकता

यस श्री जनबाल माध्यमिक विद्यालय घरपफोङ -२, मार्फा, मुस्ताङमा तपसिल बमोजिमको अस्थायी करार, शिक्षक आवश्यक भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

१. विज्ञापन नं : १/२०८१
२. विषय : नेपाली
३. तह: मा.वि. तृतीय
४. पद संख्या : १ (एक)
५. आवश्यक शैक्षिक योग्यता : नेपाली विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र सम्वन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको । (उपल्लो योग्यतालाई विशेष ग्राह्यता दिईने छ।)
६. उमेर : १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको ।
७. तलब तथा सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार ।
८. दरखास्त साथ पेश गनर्नुपर्ने कागजातहरु : नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रका प्रतिलिपी २/२ प्रति ।
९. दरखास्त दिने मिति : २०८१/०१/१३ देखि २०८१/०१/२७ सम्म
१०. दरखास्त दिने स्थान : श्री जनबाल मा.वि. घरपफोङ-२, मार्फा मुस्ताङ
११. परीक्षाको किसिम : लिखित र अन्तरबार्ता
१२. परीक्षा दस्तुर : रु. १०००।- (एक हजार रुपैयाँ )
१३. सम्पर्क मिति : २०८१ बैशाख २८ गते
१४. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।
१५. सम्पर्क : ९८४६६१८३४३, ९८४८३७१३५५

पुनश्चः शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा रहेका उमेद्वारहरुले विज्ञापन भएको मितिबाट ७ दिन भित्र दरखास्त दिनुपर्ने छ।

प्रधानाध्यापक

**श्री जनबाल माध्यमिक विद्यालय**

घरपफोङ-२, मार्फा, मुस्ताङ

## धितोमा रहेको अचल सम्पत्तीको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ दिने सार्वजनिक सूचना ।

**प्रकाशित मितिः २०८१/०१/१४ गते शुक्रबार**

श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.भीरकोट १, बयरघारी, स्याङ्जाबाट ऋण/कर्जा उपयोग गर्नुहुने तपसीलमा उल्लेखित ऋणी सदस्यले उक्त ऋण/कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज र अन्य दैदस्तुर समेतको रकम भुक्तानी तालिका बमोजिम चुक्ता, भुक्तानी नगरी ऋण/कर्जा लिने समयमा यस सहकारी संस्थासँग भएको सम्झौता तथा शर्तनामा र बन्देजहरुको उल्लङ्घन गर्नुभएको तथा यस सहकारी संस्थाको तर्फबाट भाखा नाघेको ऋण/कर्जा भुक्तानी गर्न गराउन बारम्बार पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्नुको साथै ऋण/कर्जा तिर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना पोखरापत्र राष्ट्रिय दैनिकमा मिति २०८०/०३/२२ तथा स्थानीय पब्लिक आवाज साप्ताहिक पत्रिकामा मिति २०८०/०३/२२ प्रकाशित गर्दा समेत तिर्नु, बुझाउनु पर्ने साँवा,ब्याज र अन्य दैदस्तुर रकम समेत समयमा नतिर्नु नबुझाउनु भएकोले धितो सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित जग्गा लिगलगापत जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यस सूचना प्रकाशित गरिएको छ। यस सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर समेतको रकम यस सहकारी संस्थामा दाखिल गरि ऋण/कर्जा चुक्ता भुक्तानी गर्नु गराउनुहुन सम्बन्धित ऋणी र निज ऋणीको परिवारलाई साथै धनजमानीलाई यसै सूचनामार्फत जानकारी गराईन्छ अन्यथा ऋण/कर्जा असुली गर्ने प्रयोजनको लागि तपाई ऋणीले यस सहकारी संस्थाको नाउमा लेखि लेखाईदिनु भएको तपसीलमा उल्लेखित धितो सुरक्षण (अचल सम्पत्ती) सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५, गण्डकी प्रदेश सहकारी नियमावली २०७६, यस सहकारी सहकारी संस्थाको ऋण निति २०७७ र अन्य प्रचलीत कानुन बमोजिम निम्न मिति, समय र स्थानमा जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट यो सूचना प्रकाशित मितिले ३६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले तपसीलमा उल्लेखित सम्पत्ती के कति मूल्यमा खरिद गरि लिने हो सो खुलाई शिलबन्दी बोलपत्र यस सहकारी संस्थाको केन्द्रीय कार्यालय, भीरकोट-१, बयरघारी, स्याङ्जामा दाखिला गर्नुहुन सम्बन्धित ईच्छुक महानुभावहरु सबैको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| क्र.सं | ऋणीको विवरण | ऋणीको फोटो | धितोको विवरण |
|---|---|---|---|
| १ | ऋणीको नामः कमला के. सी.<br>ठेगानाः-भीरकोट-१(साबीकको दार्सींङ दहथुम-२)<br>ना.प्र.प.नं.(ना.प्र.नं.६१७१६, जारी मिति २०५७/०९/०९ स्याङ्जा जिल्ला प्रशासन कार्यालयबाट)<br>धनजमानीको विवरणः-(१) कोपीला खत्री के.सी.(२) गणेश बहादुर के.सी. |  | जग्गाधनीको नामः भीरकोट वडामौला गुठी<br>रैतान नम्बरी कमला के. सी.<br>जग्गा रहेको ठेगानाः भीरकोट-१ (साबीकको दार्सिङ दहथुम-२)<br>कित्ता नं.: १०८८<br>क्षेत्रफलः ०.३.१.२<br>किसिमः खे.सी. |

पूनश्चः-उपरोक्त व्याहोरा अवगतार्थ अनुरोध गर्दै यस लिलामी सूचनाको म्याद भित्र शिघ्र ऋण/कर्जा चुक्ता गरि आफ्नो सम्पत्तीको उचित संरक्षण गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत पूनः अनुरोध गरिन्छ। अन्यथा तोकिएको दिन धितो लिलामको शर्तहरु बमोजिम लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वं उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तीको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनाको लागि सूचित गरिन्छ। उल्लेखित धितो सम्पत्ती लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा साबीकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभै कम मूल्यमा बिक्री भएको वा संस्था आफैले सकार गरि लियो भनि कहिँ कतै उजुर, बाजुर दावी विरोध गर्न पाउनुहुने छैन। उक्त सम्पत्ती लिलाम बिक्री गर्दा वा पून मूल्याङ्कन गरि वा नगरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी तथा व्याक्तिगत जमानी दिनेको अन्य श्रीसम्पत्तीबाट असूलउपर गरिने व्याहोरा समेत यसै सूचनामार्फत थप जानकारी गरिन्छ।

**लिलाम बिक्रीका शर्तहरुः**

(१) बोलपत्रको फारम सहकारी संस्थाको केन्द्रीय कार्यालय भीरकोट १,बयरघारी,स्याङ्गजाबाट प्राप्त गर्न सकिने छ।

(२) शिलबन्दी बालेपत्र मिति २०८१/०२/१९ दिनको ३:०० बजे भित्रमा सहकारी संस्थाको केन्द्रीय कार्यालय भीरकोट १,बयरघारी, स्याङ्जामा बुझाउनुपर्ने छ।

(३) बोलपत्रका साथ आफुले सकार गरेको अंकको न्यूनतम १० प्रतिशत बराबरको रकम यस सहकारी संस्थामा जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्नेछ।

(४) गोप्य बोलपत्र मिति २०८१/०२/२० गते आईतबार दिनको ठिक १:००बजे सम्बन्धित प्रतिनिधीहरुको रोहवरमा यस सहकारी संस्थाको केन्द्रीय कार्यालय भीरकोट १,बयरघारी,स्याङ्जामा खोलिनेछ।

(५) गोप्य बोलपत्र स्वीकार भएको मूल्यमा सम्पत्ती सकार गर्नेवालाले ७ दिन भित्र धरौटी रकम बाहेकको बाँकी रकम यसै सहकारी संस्थामा जम्मा गर्नुपर्नेछ त्यसपश्चात रकम पूर्ण प्राप्ती भएपछि लिलाम बिक्री भएको सम्पत्ती नामसारीको लागि कारबाही गरिनेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुनेछ। लिलाम सकार गरेको सम्पत्ती नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्च लिलाम सकार गरिलिने व्याक्ती आफैले व्यहोर्नु पर्नेछ।

(६) बोलपत्र फारम बुझाउने अन्तिम दिन वा गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट वा लगतै सहकारी संस्था र सरकारी कार्यालय खुल्ने दिन बोलपत्र बुझ्ने वा खोल्ने सम्बन्धी कार्य गरिनेछ।

(७) न्यूनतम मूल्य भन्दा तल परेको बोलपत्र स्वतः अस्विकृत हुनेछ।

(८) लिलाम बिक्री गर्दा असुल गर्नुपर्ने रकम असुलउपर नभएमा ऋणीको अन्य जायजेथा तथा धनजमानी कर्ता समेतबाट असुल उपर गरिनेछ।

(९) लिलाम बिक्री हुने सम्पत्ती सम्बन्धी पञ्चाकृत मूल्याङ्कन तथा अन्य कुनै जानकारी चाहिएमा वा निरिक्षण गर्न चाहेमा सहकारी संस्थाको केन्द्रीय कार्यालय भीरकोट १, बयरघारी, स्याङ्जामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

(१०) कुनै पनि कारणले बोलकबोल स्वीकृत गर्ने वा नगर्ने सम्बन्धमा अन्तिम अधिकार यस सहकारी संस्थामा नै सुरक्षित रहनेछ।

(११) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अकं बोल्ने व्यक्तिलाई धितो सुरक्षणको अचत सम्पत्ती दिने वा नदिने सम्पूर्ण अधिकार सहकारी संस्थालाई सुरक्षित रहनेछ।

(१२) सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा तथा लिलाम गर्दा कसैले नसकारेमा यसै सहकारी संस्थाले सकार गरि लिन सक्नेछ।

**श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**

**भीरकोट १, बयरघारी, स्याङ्जा**

**सम्पर्क नं.: ०६३-४००१२१/१२२/९८५६०६६६२९**

ईमेल ठेगानाः shuvalaxmi.saving29@gmail.com

# मनाङको नाम्के खर्कबाट यार्सागुम्बा सङ्कलन सुरु

**नवीन लामिछाने**
मनाङ, १३ बैशाख /रासस

विकट जिल्ला मनाङमा औषधीय जडीबुटी यार्सागुम्बा सङ्कलन नाम्के खर्कबाट सुरु गरिएको छ। यहाँका धेरै खर्कमा यार्सागुम्बा पाउने भए पनि खोज्न भने नासों गाउँपालिका-८ ताचैस्थित नाम्केबाट सङ्कलन थालिएको हो।

यही वैशाख १० गतेदेखि नाम्के खर्कबाट करिब दुई सय जना यार्सागुम्बा सङ्कलनको अनुमति लिएर खर्कतर्फ गएका छन् । अनुमतिपत्रबिना औषधीय जडीबुटी सङ्कलन गर्न पाइँदैन । त्यसले गर्दा अनुमति लिएपछि मात्रै खर्कतर्फ जान दिइने गरिन्छ।

संरक्षण क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष एवं नासों-८ का वडाध्यक्ष याद घलेले यार्सा पाइने नजिकको खर्कबाट वैशाख १० गतेबाट सङ्कलन सुरु हुने जानकारी दिनुभयो । उहाँका अनुसार मनाङमा यार्सागुम्बा सङ्कलन थालिने पहिलो गन्तव्य नाम्के खर्क हो। खर्कबाट यार्सागुम्बा सङ्कलन गर्न अनुमति दिने निर्णय बमोजिम सङ्कलकलाई अनुमति दिइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालयको संयोजकत्वमा संरक्षण क्षेत्र व्यवस्थापन समितिले यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिएपछि मात्रै खर्क जान पाउने प्रावधान रहेको छ, सोही अनुरुप यार्सागुम्बा सङ्कलनका निम्ति नाम्के खर्कमा स्थानीयका साथै बाहिरी जिल्लाबाट आएका व्यक्तिलाई सङ्कलन अनुमति दिइएको छ।" मनाङमा वैशाखदेखि असार मसान्तसम्म यार्सागुम्बा सङ्कलन गर्ने उपयुक्त समयका रूपमा लिइन्छ। यार्सागुम्बा खोज्ने क्रममा विसं २०६६ मा नारस्थित नाम्य खर्कमा गोरखाका सात जनाको स्थानीयले हत्या गरेका थिए । त्यसपछि सुरक्षा चुनौतीका कारण मनाङको साविकको नार र फुगाउँ विकास समितिमा यार्सागुम्बा सङ्कलन रोकिएको थियो । अहिले त्यस्ता घटना दोहोरिन नदिन अन्य जिल्लाका सङ्कलकलाई अनुमति दिइँदैन। नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले अहिले यार्सागुम्बा सङ्कलन गरिने भए पनि बाह्य जिल्लाका सङ्कलकलाई अनुमति नदिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरक्षाको चुनौतीकै कारण बाह्य जिल्लाबाट आउने यार्सागुम्बा सङ्कलकलाई रोक लगाइएका छौँ, विगतमा भएको जस्तो घटना दोहोरिनु हुँदैन भनेर स्थानीयलाई मात्र सङ्कलनको अनुमति दिँदै आएका छौँ ।" यार्सागुम्बा सङ्कलनका लागि अनुमति लिन प्रतिव्यक्ति रु ३५ हजार शुल्क तोकिएको उहाँले जानकारी दिनुभयो। उहाँले पहिले जस्तै नार र फुमा अन्य जिल्लाबाट आउने सङ्कलकलाई यार्सागुम्बा सङ्कलनमा रोक लगाइएको बताउनुभयो । उहाँका अनुसार नार्पाभूमिको नार र फु संरक्षित तथा निषेधित दुवै क्षेत्र भएकाले सुरक्षाको दृष्टिबाट पनि विगतको जस्तो अवस्था सिर्जना नहोस् भनी निर्णय गरिएको हो । जिल्लाका अन्य खर्कमा वैशाखबाट र नार्पाभूमिमा जेठबाट मात्रै यार्सागुम्बा सङ्कलन गरिन्छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालयले यार्सागुम्बा सङ्कलनका लागि स्वीकृति दिएपछि मात्रै सङ्कलन गर्न खर्क पस्न पाउने हुन्छ । मनाङसँगै लमजुङ, गोरखा र धादिङका स्थानीय यार्सागुम्बा सङ्कलन गर्न मनाङका लेक पुग्छन् । नार घटनापछि एक्याप मनाङले यार्सागुम्बा सङ्कलनलाई व्यवस्थित बनाउँदै लगेको छ । सोही अनुरुप बाहिरी जिल्लाका सङ्कलकलाई अनुमति दिइँदैन।

एक्यापका प्रमुख ढकबहादुर भुजेलले नार्पाभूमिका खर्कमा यार्सागुम्बा खोज्न बाह्य जिल्लाका सङ्कलकलाई अनुमति नदिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरक्षाको चुनौतीलाई मध्यनजर गरी नार्पाभूमि, खाङ्सार र पिसाङमा पनि स्थानीयलाई मात्र यार्सागुम्बा खोजीका लागि अनुमति दिने निर्णय भएको छ।" सङ्कलकको सङ्ख्या कम गर्ने र कम नै सङ्कलन गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार जिल्लाका तीन स्थानका खर्कमा यार्सागुम्बा सङ्कलनमा बाह्य जिल्लाका व्यक्तिलाई रोक लगाइएको छ । स्थानीय मात्रै सङ्कलक हुँदा खर्कको सुरक्षामा सहज हुने अपेक्षा गरिएको एक्यापले जनाएको छ । प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले जिल्लाभित्र यार्सागुम्बा सङ्कलनको याम सुरु भएसँगै सुरक्षा व्यवस्थामा कडाइ गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "यसलाई व्यवस्थित गर्ने कानुन भनेको यससँग सम्बन्धित निर्देशिकामा यार्सागुम्बा सङ्कलन व्यवस्थापन संरक्षण समितिले गर्ने उल्लेख छ, राज्यबाट शुल्क लिने, कर लगाउने भनेको कुरा त अधिकार प्राप्त निकायले गर्नुपर्ने हो, तर कानुनी रूपमा स्पष्ट नभएकाले यसलाई उपयुक्त फोरममा उठाउनुपर्छ, यो जल्दोबल्दो विषय भएकाले अहिलेलाई साविकमा जे भएको छ, त्यही किसिमले जान उपयुक्त हुन्छ होला हाम्रो बुझाइ छ।" जिल्ला समन्वय प्रमुख, पालिकाका अध्यक्षहरू, सुरक्षा निकायका प्रमुख र संरक्षण समितिका पदाधिकारी बैठकमा सहभागी हुनुहुन्थ्यो । बैठकमा संरक्षण समितिका पदाधिकारी सुरक्षाका सवालमा अग्रपङ्क्तिमा रही जिम्मेवार बन्नुपर्नेमा जोड दिइएको थियो। प्रजिअ लामिछानेले भन्नुभयो, "सुरक्षाकर्मी छन् भनेर सोच्यो भने कहीँ पनि सुरक्षा हुँदैन, हाम्रो सुरक्षाकर्मी तपाईँको साथमा हुनुहुन्छ, ती सूचना समयमा दिने, आवश्यक सहयोग र समन्वय गर्ने कुरामा सहमति भएको छ।" उहाँले अधिकारको उपयोग गर्नमा संरक्षण समितिका पदाधिकारी नै जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो । संयुक्त बैठकले निर्णय गरेबमोजिम पुर्जी काटेर सङ्कलन अनुमति दिइन्छ। पुर्जी काटिसकेपछि मात्रै स्थानीय तथा बाह्य जिल्लाबाट आउने सङ्कलकलाई सहज रूपमा खर्कतर्फ जान अनुमति संरक्षण व्यवस्थापन समितिले जनाएको छ । चार स्थानीय तह रहेको मनाङमा धारापानी र थौँचेबाहेक सबै लेकमा यार्सागुम्बा पाइन्छ । मनाङमा यार्सागुम्बा पाइने क्षेत्रमा सङ्कलन गर्न जाने सङ्कलकले १० वटा यार्सागुम्बा टिपिएकामध्ये एउटा सोही स्थानमा छाड्नुपर्ने प्रावधान निर्धारण गरिएको छ।

मनाङको नाम्य खर्क, किन्चो लेक, याक खर्क, पिसाङ लेक, फु लेकलगायतका खर्कमा यार्सागुम्बा बढी पाइने स्थान हुन् । यार्सागुम्बा सङ्कलन कार्य नाम्य खर्कबाट सुरु भई नार, फु र माथिल्लो मनाङको खाङ्सार खर्कमा सकिने छ । असारको पहिलो सातासम्म यार्सागुम्बा सङ्कलन कार्य सकिन्छ।

# हाम्रो बहुउद्देश्यीय सहकारीको रजत जयन्तीको उत्सवको अवसरमा रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, १३ बैशाख



पोखरा महानगर पालिका वडा नं ८ न्युरोडस्थित हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाले विहिबार २५ औ बार्षिक उत्सव तथा रजत जयन्तीको अवसरमा "रक्तदान" कार्यक्रमको आयोजना गर्‍यो।

संस्थाले सामाजिक उत्तरदायित्व अन्तरगत विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आएको छ। पश्चिमाञ्चल क्षेत्रीय रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा ४६ युनिट रगत संकलन गरिएको थियो।

कार्यक्रमको उदघाटन गर्दै प्रमुख अतिथि तथा सल्लाहकार बोधराज पौडेलले पहिलो रक्त दाता तथा शेयर सदस्य पवित्रा मणि भण्डारीलाई बलड ब्याग हस्तारन्तरण गरि सुभारम्भ गरिएको थियो। प्रमुख अतिथि पौडेलले "रक्तदान जत्तिको पवित्र कार्य अन्यु नहुने" बताए। उनले सहकारीले गरेको कामको प्रशंसा गरे । अध्यक्ष पौडेलले "रक्त दान जिवन दान" भन्ने नारालाई सार्थक बनाउनका लागि 'रक्तदान'को बारेमा स्थानिय स्तरमा प्रचारप्रसार गरि महत्व बुझाउनु पर्नेमा जोड दिए।

संस्थाका उपाध्यक्ष तथा कार्यक्रमका संयोजक प्रकाश क्षेत्रिले सामाजिक उत्तरदायित्व अन्र्तरगत संस्थाले बिभिन्न सामाजिक कार्य गर्दै आएको बताए । उपाध्यक्ष क्षेत्रीले सामाजिक कार्यलाई संस्थाले आगामी दिनमा पनि निरन्तरता दिने सुनाए। सचिब नरेश तिमिल्सीनाले रक्तदान जत्तिको महत्वपूर्ण र पवित्र कार्य अन्य नहुने भन्दै रगतको महत्व र आवश्यकता सबैलाई बुझाउनुपर्नेमा जोड दिएका थिए । उपाध्यक्ष प्रकाश क्षेत्रिको सभाअध्यक्षतामा भएको कार्यक्रममा स्वागत मनतब्य कोषाअध्यक्ष पिताम्बर (विनय) पराजुलिले गरेको कार्यक्रममा सल्लाहकार महेन्द्रराज अधिकारी, सल्लाहकार उमनाथ बराल, सल्लाहकार रमेश पौडेल, प्रमुख ब्यवस्थापक शिव शर्मा वाग्ले, लेखा संयोजक राजुराज पौडेल,ऋण संयोजक गणेश पहारी, ऋण समितिका सदस्य क्या कृष्ण बहादुर गुरुङ र शिक्षा उप समिति संयोजक कमला सुवेदी लगाएतले संस्थाले गरेको कार्यको प्रशंसा गर्दै यस्ता सामाजिक कार्यलाई संस्थाले आगमी दिनमा पनि निरन्तरता दिन आग्रह गरेका थिए।

# मगर भाषा संरक्षणका लागि 'अक्खा लिपि' प्रशिक्षण

**पोखरापत्र संवाददाता**
वालिङ, १३ बैशाख

स्याङ्जाको वालिङमा मगर भाषा संरक्षणका लागि अक्खा लिपिका बारेमा प्रशिक्षण दिइएको छ।

विशेषगरी नयाँ पुस्तालाई अक्खा लिपिका बारेमा सिकाएर भाषा तथा संस्कृतिको संरक्षणका लागि प्रशिक्षण दिइएको हो।

वालिङ नगरपालिकाको आर्थिक सहयोग र नेपाल मगर सङ्घ वालिङ नगर समितिको आयोजनामा वालिङमा १५ दिने प्रशिक्षण सुरु भएको नगर समितिका उपाध्यक्ष सीता थापाले बताउनुभयो । "मगर भाषाको संरक्षण र सम्वर्द्धन गर्दै पछिल्लो पुस्तामा हस्तान्तरण गर्नु जरुरी छ", उहाँले भन्नुभयो, "बेलैमा भाषा तथा लिपि संरक्षणतर्फ लागिएन भने हाम्रो संस्कार संस्कृति नै लोप भएर जान्छ, लोप हुन नदिनका लागि प्रशिक्षणको आयोजना गरेका हौँ।" प्रशिक्षणमा वालिङ नगरपालिकाभित्रका १४ वटा वडाबाट दुई/दुई जना र नगर समितिका पदाधिकारी तथा सदस्य गरी झण्डै ५० जनाको सहभागिता रहेको छ।

मगर भाषा बोल्न, लेख्न सिकाइने र प्रशिक्षणमा सहभागी भएकाले गाउँघरमा फर्केर अरुलाई सिकाउने भएकाले भाषा तथा लिपि संरक्षणमा प्रभावकारी भूमिका खेल्ने विश्वास उपाध्यक्ष थापाको छ। "भाषा थाहा भए पनि लिपिका बारेमा ज्ञान नहुँदा समस्या हुने गरेको छ", उहाँले भन्नुभयो, "विशेषगरी अक्खा लिपिका बारेमा सहभागीलाई लेख्न सिकाइने भएकाले भाषा र लिपि संरक्षण हुने र पछिल्लो पुस्तामा पुस्तान्तरण गर्दै लगिनेछ ।" नेपाल मगर लेखक सङ्घका केन्द्रीय सदस्य एवं भाषाविद् पूर्णबहादुर रानामगरले अक्खा लिपिबाट अन्य धेरै लिपिको विकास भएको बताउनुभयो।

पुरानो पुस्ताले आफ्नो लिपि नयाँ पुस्तामा हस्तान्तरण गर्न सकेमात्रै यसको संरक्षण हुने भएकाले प्रशिक्षण सञ्चालन गरिएको बताउनुभयो । प्रशिक्षणमा नयाँ पुस्ता एवं युवायुवतीको आकर्षण बढ्दै गएकाले पनि भाषा तथा लिपि संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास आयोजकको छ।

# राज्यकोषबाट सुविधा लिनेले छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनुपर्ने

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ बैशाख

व्यास नगरपालिकाको कार्यालयले राज्यबाट तलबभत्ता खाने सरकारी कर्मचारी, शिक्षक र जनप्रतिनिधिले आफ्ना छोराछोरीलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने निर्णय गरेको छ।

नगरपालिकाको बैठकले चालु शैक्षिकसत्र २०८१ देखि जनप्रतिनिधिका छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरेपछि जनप्रतिनिधिलेसामुदायिकविद्यालयमा छोराछोरी भर्ना गराउन थालेका हुन् । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जनप्रतिनिधिले सामुदायिक विद्यालयमा भर्ना गर्ने निर्णयलाई व्यवहारमै लागू गर्न आवश्यक रहेकाले सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउने अभियान थालेको बताउनुभयो।

नगरप्रमुख न्यौपानेले आफूले नाति नवनीत न्यौपानेलाई व्यास नगरपालिका वडा नं २ दमौलीस्थित सत्यवती माध्यामिक विद्यालयमा कक्षा ६ मा भर्ना गरेको जानकारी दिनुभयो। तनहुँको व्यास नगरपालिकाले शैक्षिकसत्र २०८१ देखि जनप्रतिनिधि, सामुदायिक विद्यालयका शिक्षक र निजामती कर्मचारीका छोराछोरीलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गर्न आग्रह गरेको थियो। पछिल्लो समय जिल्लाभर सामुदायिक विद्यालय विद्यार्थी अभावमा रित्तिँदै गएपछि व्यास नगरपालिकाको कार्यालयले निर्णय नै गरेर जनप्रतिनिधि, शिक्षक र कर्मचारीका छोराछोरीलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गरी पढाउने अभियान थालेको नगरप्रमुख न्यौपानेले बताउनुभयो । यो निर्णयबाट शिक्षक, जनप्रतिनिधि र कर्मचारी गरी करिब आठ सय जना प्रभावित हुने व्यास नगरपालिकाको कार्यालयले जनाएको छ। "राज्यले सामुदायिक विद्यालयमा लगानी गरे अनुरूपको प्रतिफल प्राप्त भएको छैन", नगरप्रमुख न्यौपानेले भन्नुभयो, "सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरेपछि शैक्षिक गुणस्तर वृद्धि हुनेसमेत हामीले अपेक्षा गरेका छौँ।" सामुदायिक विद्यालयप्रतिको जनविश्वास जगाउन नगरपालिकाको निर्णयले सकारात्मक प्रभाव पार्ने व्यास-२ दमौलीस्थित सत्यवती माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक अनिल श्रेष्ठले राससलाई बताउनुभयो । "व्यास नगरपालिकाको निर्णयले सामुदायिक विद्यालयलाई थप जिम्मेवार बनाउने हामीले ठानेका छौँ", सहायक प्रधानाध्यापक श्रेष्ठले भन्नुभयो, "अन्य पालिकाले समेत यस्तो कार्यको अनुशरण गर्न आवश्यक छ।"

# डढेलोले पाइप जल्यो, खानेपानीको समस्या

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ बैशाख

विगत डेढ महिनादेखि म्याग्दीका जङ्गलमा लागेको डढेलोका कारण जिल्लाका मालिका, मङ्गला, अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकाका ३० बढी गाउँमा खानेपानीको समस्या भएको छ।

फागुन दोस्रो सातादेखि म्याग्दीका जङ्गलमा निरन्तररुपमा डढेलो लागिरहेको छ। जङ्गलमा लागेको डढेलोले पाइप जलेपछि पिउने पानीको समस्या भएको हो । बुधबारसम्म म्याग्दीका एक सय १२ वनमा डढेलो लागेको र करिब एक हजार हेक्टर वनक्षेत्र जलेर नष्ट भएको डिभिजन वन कार्यालय म्याग्दीले जनाएको छ । बजारमाथिको सामुदायिक वनमा डढेलो लागेपछि पश्चिम म्याग्दीको मालिका गाउँपालिका वडा नं ६ उपल्लो दरबाङ क्षेत्रमा खानेपानीको समस्या उत्पन्न भएको छ । त्यसैगरी लामो खडेरी र डढेलोका कारण खेतीयोग्य जमिनमा सिँचाइको अभाव भएपछि खेतबारीमा लगाएको अन्नबाली सुक्न थालेको किसानले बताएका छन् । जिल्लाका मालिका, मङ्गला, बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकाका ३० भन्दा बढी ठाउँमा डढेलोले मुहानबाट बस्तीसम्म पानी ल्याउने पाइपलाइन डढेपछि गाउँगाउँमा खानेपानीको समस्या उत्पन्न भएको स्थानीयले बताएका छन् । खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीका प्रमुख झलकमोहन ओझाले डढेलोका कारण जिल्लाभरि नै खानेपानी र सिँचाइ आयोजनाको पाइपलाइनमा क्षति पुगेको बताउनुभयो। "मालिका, मङ्गला र अन्नपूर्ण गाउँपालिकाका विभिन्न ठाउँबाट डढेलोले क्षति पुगेको पाइप लाइन मर्मतका लागि स्थानीयले पाइप माग गरेका छन् । जिल्लामा यस वर्ष डढेलोले खानेपानी र सिँचाइको पाइपमा ठूलो क्षति पुर्‍याएको छ", ओझाले भन्नुभयो । बेनी नगरपालिका वडा नं २ ज्यामरुककोटमा पनि डढेलोले खानेपानीको पाइप लाइन डढेपछि खानेपानी र सिँचाइको समस्या उत्पन्न भएको स्थानीय डिलबहादुर घिमिरेले बताउनुभयो । उहाँका अनुसार एक किलोमिटरभन्दा बढी क्षेत्रमा बिच्छ्याइएको पाइप डढेलोका कारण खरानी भएपछि खानेपानी र सिँचाइको समस्या उत्पन्न भएको हो। सडक निर्माणका क्रममा जमिनमुनि गाडिएको पाइप र बाहिर निकालेका पाइपमा क्षति पुगेको छ । पाइप जलेपछि स्थानीयले मुहानबाट घण्टौँ लगाएर पानी बोकी खानुपर्ने बाध्यता सिर्जना भएको स्थानीय टेकबहादुर थापाले बताउनुभयो।

वन डढेलोका कारण बर्सेनि स्थानीयले सास्ती भोग्नु परिरहेको छ । जथाभावीरूपमा जङ्गलमा आगो लगाउनाले म्याग्दीमा हरेक वर्षजसो क्षति हुने गरेको छ। जिल्लामा डढेलो फैलिँदै गएपछि जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले क्षति भएका खानेपानी र सिँचाइ आयोजना पुनःनिर्माणका लागि बजेट व्यवस्थापनको माग गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताउनुभयो।

# त्रिपालको ओतमुनि तातोपानी कुण्ड : बिरामीलाई सास्ती

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ बैशाख

म्याग्दीको रघुगङ्गा गाउँपालिका-४, दर्मिजामा रहेका प्राकृतिक तातोपानीका कुण्ड वर्षौंदेखि त्रिपालको ओतमुनि रहेको छ । तातोपानी कुण्डमा डुबेर उपचार गराउने बिरामीमा त्यहाँसम्म जान बाटो र कुण्डमा भौतिक पूर्वाधार निर्माण भए पनि कुण्डमा जस्तापाताको छाना नहाल्दा त्रिपालको ओतमुनि बसेर बिरामीहरु तातोपानी कुण्डमा डुब्न वा स्नान गर्न बाध्य छन्।

अघिपछि कुनै समस्या नहुने भए पनि ठूलो पानी पर्दा र चर्को घाम लाग्दा भने समस्या उत्पन्न हुने र बिरामीले सास्ती व्यहोर्नुपर्ने कुण्डमा डुब्न आउनुभएको चिमखोलाका शेरबहादुर पुनले बताउनुभयो । दर्मिजा गाउँको पुछारमा रघुगङ्गा नदीको किनारमा रहेको यस कुण्डको मुहानबाट ५० डिग्री सेल्सियसभन्दा बढी तापक्रमको तातोपानी निस्कने गर्दछ । प्राकृतिक तातोपानीमा डुब्दा विभिन्न रोग निको हुने विश्वास गरिन्छ । यसअगाडि सानो पोखरी रहेकोमा तीन वर्षअघि जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीको सहयोगमा पोखरी निर्माण भएको उपभोक्ता समितिका अध्यक्ष विष्णुप्रसाद पुनले राससलाई जानकारी दिनुभयो।

रघुगङ्गा नदीको किनारमा अलगअलग ठाउँमा चार वटा पोखरी बनाइएको छ । कुण्डमा जाने ठाउँको दक्षिणतर्फ जल बराहको मन्दिर छ। मुख्य कुण्डको माथि त्रिपाल हालेर घाम पानी छेक्ने बनाइएको अध्यक्ष पुनले जानकारी दिनुभयो । मन्दिरको दाँहिनेतर्फ रहेको तातोपानीको पोखरीमा त्रिपालको छाना हालिएको छ । सो पोखरीमा एकपटकमा २५ जनासम्मले डुबेर उपचार सेवा लिँदै आएका छन् । मन्दिरको देब्रेतर्फ सानाठूला गरी तीन वटा पोखरी छन् । एउटा पोखरीमा २० जना, अर्कोमा १० जना र तेस्रो पोखरीमा पनि १० जनाले एकसाथ बसेर डुब्न सक्नेगरी पक्की पर्खालसहित निर्माण गरिएको छ। यी पोखरी निर्माण गर्न जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले रु ३५ लाख सहयोग गरेको थियो। कोरोनाको जोखिमका बेलामा पनि स्थानीय मजदुर परिचालन गरी पोखरी निर्माण गरिएको दर्मिजा तातोपानी कुण्ड व्यवस्थापन समितिले जनाएको छ । ५० डिग्री सेल्सियसभन्दा बढी तातोपानी निस्कने मुहान यहाँ रहेको छ । सो मुहानको पानी सङ्कलन गरे छालासम्बन्धी रोग, चोटपटक, बज्रिएको, सुन्निने जस्ता समस्या निको हुने विश्वास छ।

यहाँ स्नान गर्न आउने पाहुना तथा पर्यटकलाई बस्न मिल्ने स्थानको निर्माण पनि यस अगाडि भइसकेको स्थानीय ललिता गर्बुजाले बताउनुभयो । यस पोखरीको नजिक एउटा आकर्षक झरनासमेत रहेको छ । यस स्थानलाई सुरक्षित राख्नका लागि अहिले तटबन्धको कार्यसमेत भइरहेको समितिले जनाएको छ।

यहाँ डुबेर उपचार सेवा लिनका लागि रघुगङ्गा गाउँपालिकाका विभिन्न ठाउँबाट बिरामी आउने गरेका छन् । त्यसैगरी कुण्डको नजिकै रघुगङ्गा खोलाको पारिपट्टि रहेको झरनामा रमाउन र कुण्डमा डुबुल्की लगाउन टाढाटाढाबाटसमेत आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका स्थानीय तिलक गर्बुजाले बताउनुभयो।